**आकाशवाणी समाचार- नेपाली**

**मितिः १६ अगष्ट २०२६**

**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले हिजो ८० औं स्वतन्त्रता दिवसको अवसरमा राष्ट्रपति भवनमा राजकीय स्वागत समारोहको आयोजना गर्नुभयो।

२. उपराष्ट्रपति सी.पी. राधाकृष्णन आजदेखि तमिलनाडुको दुई दिने भ्रमणमा जानु हुनेछ।

३. प्रधानमन्त्री नरेन्द्र मोदीले संसद र राज्य विधानसभाहरूमा महिला आरक्षण लागू गर्ने मुद्दालाई राजनीतिक लडाईं नबनाउन सबै राजनीतिक दलहरूलाई अपील गर्नुभएको छ।

४. प्रधानमन्त्री नरेन्द्र मोदीले स्वतन्त्रता दिवसमा शुभकामना व्यक्त गर्ने विश्व नेताहरूप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ।

५. केन्द्रीय गृह तथा सहकारी मन्त्री अमित शाहले आज राजस्थानकमा अलवर सारस डेरी कम्प्लेक्समा नयाँ डेरी प्लान्टको शिलान्यास गर्नुहुनेछ।

**राष्ट्रपति – स्वागत समारोह**

राष्ट्रपति द्रौपदी मुर्मुले हिजो ८० औं स्वतन्त्रता दिवसको अवसरमा राष्ट्रपति भवनमा राजकीय स्वागत समारोहको आयोजना गर्नुभयो। कार्यक्रममा उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी, पूर्व राष्ट्रपति रामनाथ कोविन्द, प्रधानन्यायाधीश सूर्यकान्त, लोकसभा अध्यक्ष ओम बिरला, केन्द्रीय मन्त्रीहरू, कूटनीतिज्ञहरू र विभिन्न सरकारी योजनाहरूका लाभार्थीहरूको उपस्थिति थियो। समारोहमा छत्तीसगढ, गोवा, मध्य प्रदेश र महाराष्ट्रको समृद्ध, परम्परागत र जीवन्त कला र संस्कृति प्रदर्शन गरिएको थियो।

**अमृत उद्यान**

अमृत उद्यान आजदेखि अर्को महिनाको १५ तारिखसम्म सर्वसाधारणका लागि खुला रहनेछ। उद्यान बिहान १० बजेदेखि साँझ ६ बजेसम्म खुला रहनेछ, अन्तिम प्रवेश साँझ ५ बजेसम्म हुनेछ। मरमत्तिका लागि यो प्रत्येक सोमबार बन्द रहनेछ।

**महिला आरक्षण सम्बन्धी प्रधानमन्त्री**

प्रधानमन्त्री नरेन्द्र मोदीले संसद र राज्य विधानसभाहरूमा महिला आरक्षण लागू गर्ने मुद्दालाई राजनीतिक लडाईं नबनाउन सबै राजनीतिक दलहरूलाई अपील गर्नुभएको छ। स्वतन्त्रता दिवसको अवसरमा लाल किल्लाको प्राचिलबाट देशलाई सम्बोधन गर्नु हुँदै प्रधानमन्त्रीले सबै दलहरूलाई अगाडि आउन र महिलाहरूको सम्मान गर्दै लोकसभा र राज्य विधानसभाहरूमा चाँडोभन्दा चाँडो ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्न आग्रह गर्नुभयो। प्रधानमन्त्रीले देशको नीति निर्माणमा महिलाहरूले महत्त्वपूर्ण भूमिका खेल्ने र यस सन्दर्भमा समान अवसरहरू दिइनुपर्ने बताउनु भयो। उहाँले महिला आरक्षणको प्रभावकारी कार्यान्वयनका लागि सबै राजनीतिक दलहरूलाई मिलेर काम गर्न आह्वान गर्नु भयो।

**प्रधानमन्त्रीको स्वतन्त्रता दिवसको शुभकामना**

प्रधानमन्त्री नरेन्द्र मोदीले स्वतन्त्रता दिवसमा शुभकामना व्यक्त गर्ने विश्व नेताहरूप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ। शुभकामना दिनेहरूमा जसलाई प्रधानमन्त्रीले धन्यवाद दिनुभएको छ त्यसमा फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोन र माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जु पनि थिए। यसका साथै नेपालका प्रधानमन्त्री बालेन्द्र शाहलाई धन्यवाद दिनु हुँदै श्री मोदीले भारत र नेपालबीचको शताब्दी पुरानो सभ्यता सम्बन्धलाई अझ बलियो बनाउन दुवै देशहरू मिलेर काम गर्न प्रतिबद्ध रहेको बताउनु भयो। भुटानी प्रधानमन्त्री छिरिङ तोब्गेको शुभकामनाप्रति कृतज्ञता व्यक्त गर्नु हुँदै श्री मोदीले भारतले भुटानसँगको आफ्नो विशेष र बलियो साझेदारीलाई ठूलो महत्त्व दिने बताउनु भयो।

स्लोभाकियाका राष्ट्रपति पिटर पेलेग्रिनीलाई आफ्नो प्रतिक्रियामा प्रधानमन्त्रीले भारत र स्लोभाकियाबीचको व्यापक साझेदारीलाई अझ बलियो बनाउने इच्छा व्यक्त गर्नु भयो।

**उपराष्ट्रपतिको तमिलनाडु भ्रमण**

उपराष्ट्रपति सी.पी. राधाकृष्णन आजदेखि तमिलनाडुको दुई दिने भ्रमणमा जानु हुनेछ। यस भ्रमणको क्रममा उहाँ चेन्नई, चेंगलपट्टु, तिरुवरुर र तन्जाभुरमा विभिन्न कार्यक्रमहरूमा भाग लिनुहुनेछ। भ्रमणको पहिलो दिन उपराष्ट्रपति चेंगलपट्टुमा रहेको एसआरएम विज्ञान तथा प्रविधि संस्थानको २२ औं दीक्षान्त समारोहमा भाग लिनुहुनेछ। त्यसपछि उहाँ चेन्नईमा पूर्व राज्यपालको पहिलो पुण्यतिथि स्मृतिमा भाग लिनुहुनेछ। पछि उहाँले चेन्नईमा 'इकोज अफ ए नेशनलिस्ट माइन्ड' पुस्तकको पनि विमोचन गर्नुहुनेछ। भ्रमणको दोस्रो दिन उपराष्ट्रपति तिरुवरुरमा रहेको तमिलनाडु केन्द्रीय विश्वविद्यालयको ११ औं दीक्षान्त समारोहमा भाग लिनुहुनेछ। यसपछि, उहाँ तन्जाभुरमा रहेको सस्त्र डिम्ड विश्वविद्यालयको रूबी र रजत जयन्ती समारोहको समापन समारोहमा भाग लिनुहुनेछ।

**रुबियो – स्वतन्त्रता दिवस**

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले भारतका जनतालाई स्वतन्त्रता दिवसको शुभकामना दिनु भएको छ। आफ्नो सन्देशमा उहाँले राष्ट्रपति डोनाल्ड ट्रम्प र प्रधानमन्त्री नरेन्द्र मोदीबीचको व्यक्तिगत सम्बन्धका कारण भारत-अमेरिका सम्बन्ध निरन्तर बलियो हुँदै गएको बताउनु भयो। उहाँले दुई देशबीचको सहकार्यले भारत, अमेरिका र हिन्द महासागर क्षेत्रलाई अझ सुरक्षित, बलियो र समृद्ध बनाउँदै गएको बताउनु भयो। श्री रुबियोले दुवै देशका जनताबीचको मित्रता र पारिवारिक सम्बन्धले यो बलियो र दूरदर्शी साझेदारीको जग निर्माण गर्ने पनि बताउनु भयो। विदेशमन्त्री डा. एस. जयशंकरले श्री रुबियोलाई शुभकामनाका लागि कृतज्ञता व्यक्त गर्नु भएको छ। उहाँले अष्ट्रेलिया, स्लोभाकिया, साइप्रस, माल्दिभ्स, श्रीलंका, नेपाल र सिंगापुरका विदेशमन्त्रीहरूलाई पनि स्वतन्त्रता दिवसको शुभकामनाका लागि धन्यवाद दिनु भएको छ।

**सूर्यपथ तिरंगा – संस्कृति मन्त्रालय**

उद्धाटन 'सूर्यपथ तिरंगा ग्लोबल रिले' हिजो सम्पन्न भयो। रिले पूर्वमा फिजीदेखि पश्चिममा संयुक्त राज्य अमेरिकासम्म फैलिएको ५४ देश र असंख्य क्षेत्रहरू पार गर्यो। विदेश मन्त्रालयका अनुसार यो पहल 'हर घर तिरंगा' अभियान अन्तर्गत आयोजना गरिएको थियो। फिजीस्थित भारतीय उच्चायोगमा सुरु भएको रिलेले एक सूर्योदयदेखि अर्को सूर्योदयसम्म विश्वभर तिरंगाको सन्देश बोकेको थियो। यो सान फ्रान्सिस्कोस्थित भारतीय महावाणिज्य दूतावासमा तिरंगा फहराएर समापन भयो। कार्यक्रमले 'वन्दे मातरम्' को १५० औं वार्षिकोत्सवको उत्सव पनि मनाएको थियो। भारतीय प्रवासी र भारतका साथीहरूले ठूलो उत्साहका साथ रिलेमा भाग लिएका थिए।

**अमित शाह – राजस्थान भ्रमण**

केन्द्रीय गृह तथा सहकारी मन्त्री अमित शाहले आज राजस्थानको अलवर भ्रमण गर्नुहुनेछ। उहाँले अलवर सारस डेरी कम्प्लेक्समा नयाँ डेरी प्लान्टको शिलान्यास गर्नुहुनेछ। श्री शाहले विभिन्न दूध संघहरूसँग सम्बन्धित डेरी प्रशोधन र गाईवस्तुको दाना प्लान्टको ई-उद्धाटन पनि गर्नुहुनेछ। भ्रमणको क्रममा राजस्थानका १७ जिल्लाहरूमा ६ हजार २ सय ६२ करोड मूल्यका

विकास परियोजनाहरूको ई-उद्घाटन वा शिलान्यास गर्नु हुनेछ। 'रोजगार उत्सव' को एक भागको रूपमा १० हजार ५०० भन्दा बढी नव भर्ना भएका कर्मचारीहरूलाई नियुक्ति पत्र पनि हस्तान्तरण गर्नु हुनेछ।
श्री शाहले नयाँ केन्द्रीय सहकारी बैंकहरूको गठनको घोषणा गर्नुहुनेछ र विभिन्न कल्याणकारी योजनाहरूका लाभार्थीहरूलाई प्रत्यक्ष लाभ हस्तान्तरण  डीबीटीमार्फत रकम हस्तान्तरण गर्नुहुनेछ। यसमा प्रधानमन्त्री फसल बीमा योजना र प्रधानमन्त्री किसान सम्मान निधिका लाभार्थीहरू समावेश छन्।

## राष्ट्रिय परीक्षण एजेन्सी

राष्ट्रिय परीक्षण एजेन्सीले आज **यूजीसी-नेट जून 2026**, **सी.एस.आई.आर-नेट** र **आई.सी.ए.आर** अखिल भारतीय प्रवेश परीक्षाको लागि अस्थायी उत्तर कुञ्जीहरू जारी गर्नेछ। पीएचडी कार्यक्रमहरूको लागि अखिल भारतीय प्रतियोगी परीक्षाको लागि उत्तर कुञ्जी पनि आज जारी गरिनेछ। सामाजिक सञ्जाल पोस्टमा एजेन्सीले अस्थायी उत्तर कुञ्जीहरू आधिकारिक वेबसाइटमा उपलब्ध हुने बताएको छ। एजेन्सीले उम्मेदवारहरूलाई एजेन्सीद्वारा जारी गरिएको आधिकारिक सूचनाहरूमा मात्र भर पर्न आग्रह गरेको छ।

## टेस्ट क्रिकेट – भारत

पुरुष टेस्ट क्रिकेटमा भारतले आज गाले अन्तर्राष्ट्रिय स्टेडियममा श्रीलंका विरुद्धको पहिलो टेस्टको दोस्रो दिन २ विकेटको क्षतिमा २८८ रनको स्कोरबाट आफ्नो पहिलो इनिङ्स पुनः सुरु गर्नेछ। हिजो म्याच समाप्त हुँदा देवदत्त पडिकल (१३१) र ऋषभ पन्त (२७) रन बनाएर अविजित थिए। के.एल. राहुल ७७ रनमा रिटायर्ड हर्ट थिए। वर्षाका कारण हिजो ७३ ओभर मात्र खेल सम्भव भएको थियो। यसअघि भारतले टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय गरेको थियो।